१२६९।८८३

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ६२५/२०७२/०७३
निर्णय नं. ८७३

महोत्तरी जिल्ला, खयरमारा ६ घर भै हाल काठमाण्डौं-३५ बस्ने राजु ढकाल .....................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, काठमाण्डौं भक्तपुर सडक आयोजना थापाथली काठमाण्डौ .......................१ विपक्षी

सूचना अधिकारी, काठमाण्डौं भक्तपुर सडक आयोजना थापाथली काठमाण्डौ .......................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

महोत्तरी जिल्ला, खयरमारा ६ घर भै हाल काठमाण्डौं-३५ बस्ने राजु ढकालले काठमाण्डौं भक्तपुर सडक आयोजना थापाथली काठमाण्डौ समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१२।१९ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी काठमाण्डौं भक्तपुर सडक आयोजना थापाथली काठमाण्डौका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. काठमाण्डौ सडक आयोजना अन्तर्गत पर्ने कोटेश्वर–सूर्यविनायक खण्डमा रहेको आकाशेपुलमा विज्ञापन बोर्ड राख्न दिंदाको निर्णयको प्रमाणित प्रतिलिपि ।

२. के कति शुल्कमा उक्त बोर्डहरु राख्न दिएको हो ? उक्त बोर्ड राख्नको लागि टेन्डर भएको थियो वा थिएन ? सो को विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल २३ जेठ गते रोज १ शुभम् ।